


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily




❑ वर्ष २२ ❑ अङ्क १६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १७ गते बिहीबार ❑ 1 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एमाले अन्तरविरोध साम्य हुने दिशातर्फ

**रासस**
**काठमाडौं, १६ असार**

नेकपा (एमाले) को बुधबार सम्पन्न दसौं राष्ट्रिय महाधिवेशन आयोजक समिति बैठकले महाधिवेशन आयोजक समिति भङ्ग गरी पूर्ववत् केन्द्रीय कमिटी कायम रहने निर्णय गरेपछि पार्टीभित्रको अन्तरविरोध साम्य हुने ठानिएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न बैठकले यो निर्णय गरेसँगै एमाले विभाजनको खतरा टरेको हो तर असन्तुष्ट पक्षका नेता माधवकुमार नेपालसहितका नेताहरू यही असार १८ गतेका लागि तोकिएको केन्द्रीय कमिटीको बैठकमा सहभागी हुने अझै सुनिश्चित भइसकेको छैन । नेपालनिकट स्थायी कमिटीका सदस्यहरू अनौपचारिक छलफलमा जुटेका छन् भने संस्थापन र नेपाल पक्षका दोस्रो तहका नेताहरू केन्द्रीय कमिटी बैठक डाकिएको सन्दर्भमा आपसी संवादलाई निरन्तता दिन थालेका छन् । एमालेले यसअघि गरिएको नेताहरूको कारबाही स्वतः निष्प्रभावी हुने पनि जनाइसकेको छ। एमालेले माओवादी केन्द्रसँगको एकतापूर्वको केन्द्रीय कमिटीको बैठक यही असार १८ गते आव्हान गर्ने निर्णय गरेको छ । पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले माओवादी केन्द्रसँगको केन्द्रीय कमिटीमा पूर्व मओवादीबाट आएका नेताहरूलाई थप गरेको छ।

एमालेका प्रवक्ता प्रदीप ज्ञवालीका अनुसार पार्टीको स्थायी कमिटीमा नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणि थापा, विष्णु रिमाल, रघुवीर महासेठ, रघुजी पन्त र वेदुराम भुसाललाई थप गरिएको छ । उहाँले पार्टीका सबै कामलाई महाधिवेशनकेन्द्रित गर्न आयोजक कमिटी गठन गरिएकमा सर्वोच्च अदालतको एक फैसलाले आयोजक कमिटीको क्षेत्राधिकारमाथि प्रश्न उठाएकाले केन्द्रीय कमिटीमा रूपान्तरण गरिएको बताए । बैठकमा पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण आदि विषयमा सरकारले गरेका राम्रा कामका कारण सरकार र एमाले जनतामा लोकप्रिय हुँदै गएको बताएका थिए । उनले नेपालप्रति विश्वको ध्यानाकर्षण भएका स्थितिमा सरकारलाई असफल बनाउन पार्टीभित्रैबाट चलखेल भएको तर देशलाई स्थिरता दिनेतर्फ सुदृढ कदम चाल्न आफूहरू प्रतिबद्ध भएको बताए । पार्टीभित्र केही व्यक्तिहरू जालझेल र तिकडम गरेर विपक्षीको साँगगाँठमा लागेको उनको आरोप थियो ।

## फेवातालबाट बन्दा र जलकुम्भी झार फाल्न सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**



पोखराको फेवातालबाट बन्दा र जलकुम्भी लगायतको झार फाल्ने अभियान सुरु भएको छ । पोखरा महानगरपालिकाको सहयोगमा फेवातालको माथिल्लो सतहमा आएको विभिन्न प्रकारको झार फाल्न सुरु गरिएको पोखरा महानगरपालिका वडा नम्बर ६ का वडा सदस्य हरिकृष्ण पहारीले बताए।

उनले भने "फेवातालमा यति वेला माथिल्लो भागबाट वन्दा, जलकुम्भी लगायतको झार र फोहोरहरु समेत आएको छ, त्यसलाई समयमै व्यबस्थापन गर्न हामीले बुधबारबाटै सफाई अभियानमा जुटेका छौं ।" केही दिनदेखि बर्षाद भएसंगै फेवातालको माथिल्लो तटिय क्षेत्रमा रहेको वन्दा तथा जलकुम्भी झार फेवातालको माथिल्लो सतहमा पानीको वहावले ल्याएको उनले जनाए। जलकुम्भी झार निकाल्ने मेसिन महानगरमा भएकोले महानगरसँगको सहयोगमा उक्त ताल सफाई अभियान अर्न्तगत बुधबार हल्लचोक, क्याम्पिङचोक तथा वाराहीघाट लगायतको क्षेत्रबाट झार निकाल्ने काम भएको पहारीले जनाए। हिउँदको समयमा माथिल्लो तटिय क्षेत्रमा रहेको जलकुम्बी, बन्दा लगायतका झारहरुलाई व्यबस्थापन गर्न नसक्दा बर्षादको समयमा पानीको वहावले तालमा ल्याउने क्रमा हरेक बर्ष जारी रहेको फेवा डुंगा व्यावसायी संगठनका अध्यक्ष बुद्धि बहादुर नेपालीले बताए । यस बर्ष जलकुम्भी झार भन्दा बन्दा झार बढी भएको उनले बताए।

## कोरोना बिरुद्ध लड्न सबै एक हुनुपर्छ मन्त्री गुरुङ



**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मधु अधिकारी गुरुङले अझै पनि कोरोनाको प्रभाव जारी रहेकोले कोरोना बिरुद्ध लड्न सबै एक हुनुपर्ने बताएकी छन् ।

अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघ कास्की र पोखरा महानगरपालिका कमिटीद्वारा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा बोल्दै मन्त्री गुरुङले दोस्रो लहरको कोरोना बिरुद्ध सबै एक भई लाग्नु पर्ने बताएकी हुन् ।

मन्त्री गुरुङले कोरोना रोकथाम नियन्त्रण तथा उपचारका लागी सबै आ आफ्नो ठाउँबाट लाग्न निर्देशन दिएकी छन् ।

महासघं कास्कीका अध्यक्ष नबराज अधिकारी र महानगर कमिटीको तर्फबाट प्रताप पौडेलले लगायतले सगंठनका पदाधिकारी एब सदस्यहरुबाट मन्त्री गुरुङलाई शुभकामना तथा बधाई ज्ञापन गरेका थिए ।

## पत्रकारलाई दुई करोडको बजेट

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**

गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले पत्रकारको हकहितका लागि आफू सधैँ प्रतिबद्ध भएको बताएका छन् ।

नेपाल प्रेस युनियन कास्की नेतृत्वको प्रतिनिधिमण्डलद्वारा मुख्यमन्त्रीसहित मन्त्री कुमार खड्कालाई बधाई तथा शुभकामना दिन बुधबार आयोजित भेटघाटमा उनले पत्रकारको हकहितका लागि साधनस्रोतले भ्याएसम्म उनीहरुसँगै सल्लाह गरेर अघि बढ्ने बताए । सामाजिक विकासमन्त्री खड्काले यस वर्षका बजेटमा पत्रकारका लागि दुई करोडभन्दा माथिको बजेट छुट्याइएको र नेपाल पत्रकार महासंघको भवन नबनेका छ जिल्लामा निर्माणका लागि ६० लाख बजेट प्रस्ताव गरिएको जानकारी दिए । प्रेस युनियन कास्कीका अध्यक्ष नवीन सिग्देलले श्रमजीवी पत्रकारको मनोबल बढाउने खालको कार्यक्रममा प्रदेश सरकारको साथ आवश्यक रहेको बताए । युनियनका केन्द्रिय उपाध्यक्ष रमेश पौडेलले सञ्चारमाध्यमको मर्म बुझ्नुपर्ने बताउँदै मिडिया विधेयकमा छलफल गरेर मिडियामैत्री बनाउनुपर्ने धारणा राखे । प्रेस युनियन कास्कीका सल्लाहकार गंगाधर पराजुलीले पत्रकार, सञ्चारगृह र महासंघलाई सक्षम र सदृढ बनाउँदै लैजानुपर्ने धारणा राखे । प्रेस युनियन कास्कीका सल्लाहकार राजबहादुर गुरुङ र शिरोमणि बराल, पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिम्सिना पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीलगायतले आमसञ्चार प्रतिष्ठान, लोककल्याणकारी विज्ञापनलगायत विषयमा आआफ्नो भनाइ राखेका थिए ।

## बाढी पहिरामा मृत्यु भएका परिवारलाई कांग्रेसले आर्थिक सहयोग गर्ने

**रासस**
**काठमाडौं, १६ असार**

नेपाली कांग्रेसले बाढी पहिरामा परेर मृत्यु भएका परिवारलाई आर्थिक सहयोग गर्ने भएको छ । कांग्रेसको बाढी पहिरो विपद् व्यवस्थापन केन्द्रीय समन्वय समितिले मङ्गलबार एक विज्ञप्ति जारी गरी बाढी पहिरामा परी निधन भएका परिवारलाई पार्टीका तर्फबाट रु २५ हजार सहयोग गर्ने जानकारी दिएको हो ।

समन्वय समितिका संयोजक एवं पूर्वसञ्चारमन्त्री मोहनबहादुर बस्नेतले विसं २०७८ को शुरुदेखि बाढी र पहिराका कारण मृत्यु भएका व्यक्तिको परिवारलाई थोरै भए पनि मानवीय सहयोगको हिसाबले उक्त रकम सहयोग गर्न लागेको जानकारी दिए । मृतकका परिवारले उक्त राहत रकम प्राप्त गर्न मृतकको सनाखत सम्बन्धित निकायबाट हुनुपर्ने सो समितिले जनाएको छ । यही असार २ गतेको बाढीपहिराका कारण सिन्धुपाल्चोक, मनाङ, लमजुङलगायतका क्षेत्रमा ठूलो जनधनको क्षति पुगेको थियो ।

यसैबीच हेलम्बु-मेलम्ची बाढीपहिराबाट ज्यान गुमाएका मृतकका परिवार, घरवारविहीन नागरिक र मेलम्ची नगरपालिकाको विपद् कोषमा जापानमा रहेका नेपालीले र दुई लाख ५५ हजार सहयोग गरेका छन् । इन्द्रावती गाउँपालिका स्थायी घर भई अध्ययनका क्रममा जापानमा रहेका विनोद तामाङको नेतृत्वमा ४४ नेपालीबाट सङ्कलित राहत रकम हस्तान्तरण गरिएको छ ।

हेलम्बु गाउँपालिका चनौटे रातोपुलमा भेला भएका मृतक परिवारका नौ जनालाई जनही रु १० हजार, पूर्णरूपमा घरवारविहीन भएका १० परिवारलाई जनही रु सात हजार, पाँच घरपरिवारलाई जनही पाँच हजार तथा पूर्णरूपमा क्षति भएको ग्याल्थुमस्थित इष्ट प्वाइण्ट एकेडेमीलाई रु १५ हजार गरी हेलम्बु गाउँपालिकामा रु दुई लाख र मेलम्ची नगरपालिकाको विपद् कोषमा रु ५५ हजार नगद हस्तान्तरण गरिएको हो ।

उद्योग वाणिज्य सङ्घ सिन्धुपाल्चोकका उपाध्यक्ष रामकृष्ण चालिसे, पत्रकार महासङ्घ सिन्धुपाल्चोकका सहसचिव केदार माझी, विद्यार्थी नेता तोकबहादुर तामाङ, क्षितिज तामाङलगायतको उपस्थिति र स्थानीय समाजसेवी लेकाली काका र विश्वराम गुरागाईंको रोहवरमा समाजसेवी आइमान तामाङले सङ्कलित रकम हस्तान्तरण गरेका हुन् ।

## पोखरा महानगरपालिकाले बनायो १३७ किमी कालोपत्र सडक

**– कृष्ण दवाडी**
**पोखरा, १६ असार (रासस)**

स्थानीय तह स्थापनापछि जनप्रतिनिधि निर्वाचित भएर आएको चार वर्षको अवधिमा पोखरा महानगरपालिकाले १३७ किमी सडक कालोपत्र गरेको छ । सडक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको महानगरपालिकाले विकटलाई निकट ल्याउने भन्दै 'कनेक्टिङ रोड'को अवधारणाअनुसार सडक कालोपत्र र ग्राभेलको काम अघि बढाएको हो ।

महानगर प्रमुख मानबहादुर जिसीले हालसम्म १३७ किमी सडक कालोपत्र र २३१ किमी सडक ग्राभेल गरिएको जानकारी दिनुभयो । यसैगरी ८३ किमी साना तथा मझौला सडक ढलान र ३७ किमी सडक मर्मत एवं स्तरोन्नति गरिएको उहाँले बताउनुभयो । चार वर्षको अवधिमा वडा तथा महानगरपालिकास्तरका २६८ सडक ढलान योजना, ८२१ सडक कालोपत्र एवं मर्मत योजना, २९१ सडक ग्राभेल तथा स्तरोन्नति र ४१ नयाँ ट्र्याक गरी एक हजार ४२१ सडकका योजना सम्पन्न भएको बताइन्छ । महानगरको मुख्य शहरी सडकको स्तरोन्नति गर्ने क्रममा महानगरपालिका, सडक विभाग र प्रदेश सरकारको सहकार्यमा रु ४० करोड लागतमा २२ किमी सडक 'अस्फाल्ट कङ्क्रिट' गर्ने काम धमाधम भइरहेको प्रमुख जिसीले जानकारी दिनुभयो । विजयपुर बेगनास सडक खण्डमा १४ किमी सडक अस्फाल्ट हुने गरी निर्माण भइरहेको बताइन्छ ।

प्राविधिक कारणले रोकिएको मेयर नमूना सडक निर्माणअन्तर्गत पोखरा- १७ को बिरौटादेखि तीनकुनेसम्म (आरटिओ) सडक निर्माण भइरहेको छ भने वडा नं १० को राममार्ग सडक निर्माण कार्य गरिएको महानगरले जनाएको छ ।

यसैगरी नदी नियन्त्रणतर्फ यस अवधिमा नदी तथा खोलाक्षेत्रको जमीन कटान, पहिरो नियन्त्रणलगायतका २७ योजना सञ्चालन गरिएको बताइन्छ। सुइखेत खोला नदी कटान, सेती खोला, फिर्के खोला पहिरो नियन्त्रण, काली खोलालगायत नदी नियन्त्रणका योजना सम्पन्न भएको जनाइएको छ । महानगरले वडाका भवन निर्माणलाई पनि प्राथमिकतामा राखेर कार्य अघि बढाएको छ । हालसम्म वडा नं २, ७, ११, १२, १९, २२, २८, २९, ३० र ३२ मा नयाँ भवन निर्माण कार्य सम्पन्न भएको तथा केही निर्माण कार्य सम्पन्न हुने चरणमा रहेका छन् । वडा नं ३, ४, ९, १०, १३, १५, १६, २४ र ३३ को भवन मर्मत गरिएको तथा वडा नं ५, ६, ८, ९, १४, १७ २०, १८, २६, २७ र ३१ मा नयाँ कार्यालय बन्ने गरी प्रक्रिया अगाडि बढाइएकाले यी भवन निर्माण सकिएपछि नागरिकले वडास्तरबाटै सहज रूपमा सेवा प्राप्त गर्ने प्रमुख जिसीले जानकारी दिनुभयो । यसैगरी ४३ वर्षदेखि सडक चक्लाबन्दी गर्न नसकिएको पृथ्वी राजमार्गदेखि विजयपुर ब्यारेक सिमानासम्मको सडकलाई फराकिलो बनाई १० मिटर कायम गरिएको महानगरले जनाएको छ । महानगरले रणनीतिक सडकका रूपमा अगाडि बढाएका सडकमा बहुवर्षीय ठेक्का प्रक्रिया सकेर निर्माण चलिरहेका र चालु आवमा विजयपुर कालिका हुँदै बेगनास सडकलाई रु ३२ करोड लागतमा अस्फाल्ट गर्ने कार्य अगाडि बढाइएको बताइन्छ ।

यसैगरी बैदाम, पामे, घाँटीछिना हुँदै दमदमे, सिदाने र मणिपाल, मौजा सडक बहुवर्षीय ठेक्का सम्झौता गरेर काम थालिएको महानगरले जनाएको छ ।



# पाँचौ पोखरा स्पोर्टस् अवार्ड

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने पाँचौ पोखरा स्पोर्टस् अवार्ड-२०७६/७७ को तयारी पूरा भएको छ। मञ्चले कोरोना महामारीका कारण स्वास्थ्य सुरक्षा मापदण्ड कायम गर्दै असार १८ गते शुक्रबार पोखरा रंगशालाको ब्याण्डमिन्टन हलबाट सेमि भर्चुअलरुपमा सो समारोह गर्दैछ।

अघिल्लो वर्ष हुन नसकेको सो अवार्ड यसपालि वर्ष २०७६/७७ दुवैलाई जोडेर संयुक्त रुपमा गण्डकी प्रदेशस्तरको प्रतिनिधित्व हुने गरी स्पोर्टस् अवार्ड प्रदान गर्ने बुधबार आयोजित पत्रकार सम्मेलनमा मूल आयोजक समिति संयोजक एवं मञ्च अध्यक्ष एकराज गिरीले बताए। यो वर्ष स्पोर्ट्स अवार्डका विभिन्न ७ विधामा लाइफ टाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र वर्ष उत्कृष्ट खेल पत्रकार छन्। तीमध्ये उत्कृष्ट पत्रकारतर्फ २ जना सम्मानित हुने छन्।

लाइफ टाइम अचिभमेन्ट अवार्ड पोखराको फुटबल खेल विकासमा योगदान पुऱ्याएका केशव रञ्जित (आनन्द) र वर्ष उत्कृष्ट खेल संघ पुरस्कार जिल्ला आर्चरी संघलाई दिइनेछ। वर्ष उत्कृष्ट पुरुष विधामा नवीन रसाइली (कराते), विनेश खनियाँ (टेबलटेनिस) र सुमन अर्याल (फुटबल) परेका छन् भने वर्ष खेलाडी महिलामा जमुना थापा (साइक्लिङ), पार्वती गुरुङ (तेक्वान्दो) र प्रशंसा क्षेत्री (तेक्वान्दो) उत्कृष्ट ३ मनोनयनमा परेका छन्। उदीयमानतर्फ दुवाना लामा (पौडी), प्रदीप खड्का (लनटेनिस) र विपीन खत्री (क्रिकेट) तथा उत्कृष्ट प्रशिक्षकमा आनन्द कुँवर (पौडी), किरण श्रेष्ठ (फुटबल) र सुरेश मल्ल ठकुरी (बक्सिङ) मनोनीत छन्। हरेक विधामा उत्कृष्ट १ जनाले मूल कार्यक्रममा नगद सहित अवार्ड जित्ने छन्। साथै मनोनीत सबैलाई ट्रफी र प्रमाणपत्र उपलब्ध गराइनेछ। लाइफटाइम अचिभमेन्ट अवार्डमा चाँदीको करुवा, ताम्रपत्र, ट्रफी र दोसल्ला छ भने वर्ष खेलाडी पुरुष र महिलालाई जनही २/२ लाख, सम्मानपत्र, ट्रफी र दोसल्ला प्रदान गरिने छ। वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल संघ, वर्ष उत्कृष्ट खेल पत्रकार (२ जना) लाई जनही ३५ हजार, सम्मानपत्र, ट्रफी र दोसल्ला दिइनेछ। पत्रकार सम्मेलन अवसरमा मञ्च अध्यक्ष एकराज गिरीले अवार्ड सार्वजनिक गर्दै विषम परिस्थितिबीच हुन लागेको कार्यक्रमलाई आ-आफ्नो ठाउँबाट सहयोग गरिदिन आग्रह गरे। स्वास्थ्य सुरक्षा मापदण्ड अपनाइ भएको पत्रकार सम्मेलनमा स्वागत उपाध्यक्ष रञ्जन अधिकारी र संचालन महासचिव विजय नेपालले गरेका थिए। मूल कार्यक्रमको एबिसी न्यूज टेलिभिजन र पोखरा टेलिभिजन सहित युट्वबाट शुक्रबार दिउँसो ठिक ३ बजे लाइभ प्रसारणको व्यवस्था मिलाइएको छ। समारोहको प्रमुख अतिथि गण्डकी प्रदेश मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल रहने छन्। खेलाडी छनोटका लागि मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीको संयोजकत्वमा प्रतिभा छनोट समिति गठन गरिएको छ। जसको सदस्यमा केशव पाठक, दीननाथ बराल, सन्देश श्रेष्ठ, सुदर्शन रञ्जित तथा उत्कृष्ट पत्रकार छनोट समितिमा त्रिभुवन पौडेल, दीपेन्द्र श्रेष्ठ र विनोद लामिछाने एवं पदेनसदस्यमा मञ्च अध्यक्ष एकराज गिरी र महासचिव विजय नेपाल छन्।



मञ्चले स्पोर्ट्स अवार्ड बृहत् बनाउन अध्यक्ष गिरीको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेको छ। मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीको संयोजकत्वमा सल्लाहकार उपसमिति गठन गरिएको छ। सो उपसमिति सदस्यमा पत्रकार कृष्णप्रसाद बास्तोला, नारायण कार्की, पुण्य पौडेल, बद्रीविनोद प्रतीक, रमेश पौडेल, त्रिभुवन पौडेल, दीपेन्द्र श्रेष्ठ, केशव पाठक, केशवशरण लामिछाने, माधव बराल, नवीन सिग्देल र दुर्गा अधिकारी छन्। यस्तै, सो समितिमा पत्रकार महासंघ गण्डकी प्रदेश क्षेत्रका ११ वटै जिल्लाका महासंघ अध्यक्ष, विभिन्न खेलसम्बद्ध संघका अध्यक्षलाई समेटिएको छ।

सहयोगी संस्थामा राष्ट्रिय खेलकुद परिषद् (राखेप), गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, कास्कीका माछापुच्छे, अन्नपूर्ण, मादी र रुपा गाउँपालिका, स्याङ्जाको पुतलीबजार नगरपालिका र फेदीखोला गाउँपालिकाले सहयोगको प्रतिबद्धता भैसकेको छ। यस्तै, पोखरा लेकसिटीका तर्फबाट निर्देशक डा. विष्णु नेपालीले लाइफ टाइम अचिभमेन्ट अवार्डवापत ४० हजार, माई होटल, लेकसाइडतर्फबाट प्रबन्ध निर्देशक तोरणबहादुर बानियाँले उदियमान खेलाडीलाई प्रदान गरिने ३५ हजार र पोखरा रामबजार निवासी स्व. सेनानी हेमबहादुर पुनको स्मृतिमा उहाँको परिवारजनबाट पत्रकार (वर्ष २०७७) लाई प्रदान गरिने अवार्डमा नगद ३५ हजार रुपैयाँ प्रायोजन सम्झौता भएको छ।

साथै लाइभ पार्टनरमा एबीसी न्यूज टेलिभिजन र पोखरा टेलिभिजन, इन्टरनेट पार्टनरमा वर्ल्ड लिंक, रेष्टुरेन्ट पार्टनरमा मुगलान रेष्टुरेन्ट सभागृहचोक छ भने बैंकिङतर्फ लुम्बिनी विकास बैंक, मुक्तिनाथ विकास बैंक, प्रभु बैंक, पोखरा फाइनान्स छन्।

यस्तै केल्मी प्रालि, सिर्जना विकास केन्द्र, सिटी एजुकेसन एण्ड कन्सल्टेन्सी, राजेश गुरुङ (राखेप सदस्य), मिलन गुरुङ (एन्फा कास्की), पोषण थापा (फेवा सिल्टेसन प्रालि), राजन गुरुङ (समाजसेवी एवं युवा व्यवसायी) सहयोगीका रुपमा जोडिएको आर्थिक संयोजक एवं कोषाध्यक्ष शशिकुमार पौडेलले बताए।

# सांसद थापाद्धारा धर्मशिला बुद्ध बिहारको भवन निर्माणको लागि ५ लाख सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**

गण्डकी प्रदेशका सांसद बिन्दु कुमार थापाले पोखरा-३ को धर्मशिला बुद्ध बिहारको भवन निर्माणको लागि ५ लाख रुपैया सहयोग गर्ने बताएका छन्।

पोखरामा आयोजित एक समारोहमा वोल्दै सांसद थापाले उक्त भवन निर्माणको लागि प्रदेश सरकार बाट बजेट बिनियोजनको लागि पहल गर्ने आश्वासन दिदै आफ्नो तर्फबाट न्यूनतम ५ ालख सहयोग उपलब्ध गराउने बताएका हुन्। यसैबिच, तेर्सापट्टि बुहारी समुह, तेर्सापट्टि, पोखरा-३ द्वारा लकडाउनको बेला कोभिड लक्षित निःशुल्क खाना बितरण कार्यक्रम सफलताका साथ सम्पन्न गरेको भन्दै भिन्तुना युवा क्लबका प्रतिनिधिहरुलाई सम्मान गरेको छ। कार्यक्रमका प्रमुख अतिथि सांसद थापाले क्लब र बुहारी समुहले शुरु गर्ने सामाजिक कार्यमा सधै साथ दिने बताए। समुहका अध्यक्ष निलम प्रधान उदासको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व सांसद शारदा पौडेल, पोखरा-३ का वडा अध्यक्ष रबिन्द्र बहादुर प्रजु र पुर्व वडा अध्यक्ष तथा समाजसेवी नारायण उदास लगाययतले उक्त भवन निर्माणमा सवैको साथ र सहयोग आवश्यक भएको बताए। करिब ६ करोडको लागतमा उक्त भवन निर्माण कार्य जारी रहेको क्लवका अध्यक्ष राजन श्रेष्ठले बताए। बुहारी समुहले लकडाउन प्रभावित महिलाहरुलाई राहत बितरण कार्यक्रम घोषणा गर्ने भएको छ।



धर्मशिला बुद्ध बिहारको निर्माण कार्य सुस्त भएको कारण बिहार प्रमुख भिक्षु धजवन्तोबाट निर्माधिन भवनको अर्थ सन्कलन, सहकार्य, प्रचार प्रसार र सहयोग को लागि भिन्तुना युवा क्लबलाइ आग्रह गरेको क्लवले जनाएको छ।

# बारअनुसार सेवा प्रवाह गर्दै मालपोत

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १६ असार**

स्याङ्जाको वालिङमा रहेको मालपोत कार्यालयले बारअनुसार सेवा प्रवाह थालेको छ।

विश्वव्यापी महामारीका रूपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टसहितको कोभिड-१९ को सङ्क्रमणको जोखिमलाई दृष्टिगत गर्दै बारअनुसार पालिका निर्धारण गरी सेवा प्रवाह गरिएको मालपोत अधिकृत रबिन अधिकारीले बताए। कोभिड-१९ को सङ्क्रमणलाई दृष्टिगत गर्दै भूमि व्यवस्थापन तथा अभिलेख विभागले मालपोत कार्यालयबाट हुने अत्यावश्यक मात्र सेवा प्रवाह गर्नु भनेर स्थानीय प्रशासनको समन्वयमा स्वास्थ्य सुरक्षा मापदण्डअनुसार निर्देशन भएकाले सोही अनुसार गरिएको उनले बताए। कार्यालयले आइतबार र सोमबार वालिङ तथा भिरकोट नगरपालिका, मङ्गलबार र बुधबार चापाकोट नगरपालिका, बिरुवा र हरिनास गाउँपालिका, बिहीबार र शुक्रबार गल्याङ नगरपालिका तथा कालीगण्डकी गाउँपालिकाका सेवाग्राहीलाई सेवा प्रवाह गर्ने मालपोत अधिकृत अधिकारीले बताए। कार्यालयले बारअनुसार पालिका छुट्याएको छ भने सीमित मात्रै सेवा सञ्चालन गरेको छ। जग्गा दृष्टिबन्धक, जग्गा फुकुवा, राजीनामा, सामान्य संशोधन, प्रतिलिपिजस्ता सेवा सञ्चालन गरेको भए पनि बकससम्बन्धी सेवा, अंशबन्डा, नामसारी, स्रेस्ता कायम गर्नेलगायत अन्य सेवा तत्कालका लागि बन्द गरिएको छ। बारअनुसार पालिका छुट्याउँदा कार्यालयमा सेवाग्राहीको भीड कम भई सङ्क्रमणको जोखिम न्यून हुने भएकाले यो विधि अपनाइएको उनले बताए। यसैबीच जिल्ला प्रशासन कार्यालयले यही असार १५ गतेसम्म जारी रहेको निषेधाज्ञालाई लम्ब्याएर यही असार २५ गतेसम्म पुऱ्याएको छ।

# पोखराबाट उदाएका किरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असार**

पोखराका किरण श्रेष्ठलाई स्कुल पढ्दादेखि नै खेलकुदमा रुचि थियो। फुटबल भनेपछि त उनी हुरुक्क हुन्थे। जीवनको सुरुवातमा उनले मार्सल आर्टस् पनि खेले। रोमाञ्चकारी खेल फुटबलमा रुचि बढ्दै जाँदा राष्ट्रिय खेलाडीको यात्रा तयसँगै ३ वर्षदेखि राष्ट्रिय टिमको प्रशिक्षक सम्मालिरहेका छन्।

पोखराबाट व्यावसायिक खेलजीवन र प्रशिक्षण सुरुआत गरेका ४५ वर्षीय किरण एएफसीको 'ए' लाइसेन्स प्राप्त प्रशिक्षक हुन्। पोखराबाट उनीसहित हालसम्म २ जनाले राष्ट्रिय टिमको प्रशिक्षण सम्हालेका छन्। यसअघि कृष्ण थापा थिए।



उनले पोखरा ड्यामसाइड क्लबबाट खेल सुरुआत गरेको बताउँछन्। त्यसपछि भने सहारा नै उनको लागि बलियो सहारा भइदियो। फुटबल खेलको सुरुआतीमा उनले २०५० सालमै सालमिगल कप खेल्न काठमाडौं गएको अनुभव स्मरण गर्दछन्। सहारा क्लब पोखराको आयोजनामा पोखरा रंगशालामा २०५५ सालमा भएको क्याराभान गोल्डकप खेलेका उनले तत्कालीन आहा गोल्डकप (हाल आहारारा गोल्डकप) का सुरुआती संस्करणहरु खेले। सहारा क्लबबाट खेल्नेक्रममा काठमाडौंको जावलाखेल युथ क्लबमा ए डिभिजन खेले। कास्की जिल्लाबाट जिल्लास्तरीय फुटबल सबै खेले भने तत्कालीन गण्डकी अञ्चलस्तरीय खेलकुद प्रतियोगितामा भाग लिए। गण्डकी अञ्चलबाट त्यसबेला राष्ट्रिय लिग खेलेको उनी बताउँछन्। काठमाडौं साँगास्थित त्यसबेलाको दीपेन्द्र पुलिस स्कुल पढेका उनले त्यतिबेलै फुटबल खेलेको स्मरण गर्दछन्।

फुटबलमार्फत सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले स्थापित सहारा क्लब पोखराको टिमबाटै उनको यात्रा प्रशिक्षणतर्फ मोडियो। सहाराको टिम हेर्दाहेर्दै काठमाडौंस्थित बौद्ध फुटबल क्लबमा दुई सिजन हेरे। उनले त्यहाँ सन् २०१२ देखि ०१३ प्रशिक्षण सम्हालेका हुन्।

त्यसपछि नेशनल लिगअन्तर्गत सुदूरपश्चिम फुटबल क्लबमा हेड कोच सम्हाले। त्यहाँ उनले सन् २०१४ देखि ०१५ सम्म क्लब हेर्न भ्याए। पश्चिमबाट फेरि सहारा क्लब फर्किएका उनी सन् २०१८ देखि भने नेपालको राष्ट्रिय फुटबल टिम प्रशिक्षकमा जमिरहेका छन्। अखिल नेपाल फुटबल संघ (एन्फा) ले उनलाई ३ वर्षअघि १२ औं साफ च्याम्पियनसीप लक्षित गर्दै प्रशिक्षक नियुक्त गरेको हो।

बावु हिराकाजी श्रेष्ठ र आमा विष्णुमाया श्रेष्ठका सुपुत्र किरणका श्रीमती र १ छोरा र १ छोरी छन्। पृथ्वीचोक २०३३ सालमा जन्मेका किरण हाल काठमाडौंमा एन्फामै बस्छन्। हाल साफ च्याम्पियनसीप र एएफसी एशियन कप छनोटका लागि यसै साता क्याम्प सुरु हुँदैछ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पाँचौ पोखरा स्पोर्टस् अवार्डमा उनी उत्कृष्ट प्रशिक्षक विधामा मनोनयनमा परेका छन्। असार १८ मा हुने अवार्ड वितरणमा उनको प्रतिस्पर्धा पौडीका आनन्द कुँवर र बक्सिङका सुरेश मल्ल ठकुरीसँग हुनेछ। तीमध्ये एकले ३५ हजारसहित अवार्ड जित्ने छन्।

# कालीगण्डकी डाइभर्सन परियोजना रोक्न रिट

**रासस**
**काठमाडौं, १६ असार**

सर्वोच्च अदालतमा कालीगण्डकी डाइभर्सन बहुद्देश्यीय परियोजना रोक्न आदेशको माग गर्दै रिट निवेदन दायर गरिएको छ।


राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयलगायतलाई विपक्षी बनाई बुधबार अधिवक्ताहरू तुलसीराम पोखरेल, रामबहादुर शाही र सन्तोष भण्डारीले उक्त रिट निवेदन दायर गरेका हुन्।

रिट निवेदनमा शालिग्राम शीला पाइने विश्वकै एकमात्रै नदी कालीगण्डकीको स्वरूप परिवर्तन हुने गरी डाइभर्सन गरेर रूपन्देहीको तिनाउ खोलामा झार्न लागिएको हुँदा उक्त योजना रोक्न आदेशको माग गरिएको छ। निरन्तर प्राकृतिक रूपमा बगिरहेको नदीलाई स्याङ्जाको गल्याङ नगरपालिका-१ बाट डाइभर्ट गरेर तिनाउ खोलामा झार्ने गरी अगाडि बढाउन लागिएको परियोजनाले गण्डकी प्रदेश र नदीको जलाधार क्षेत्र राम्दीदेखि देवघाटसम्मका लाखौं स्थानीय बसिन्दालाई प्रभावित पार्ने समेत रिटमा छ।


नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो। त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# एमालेलाई एकताबद्ध बनाउने अवसर

नेकपा (एमाले)को एकता कायम राख्न पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली २०७५ जेठ २ मा फर्केका छन।बरिस्ठ नेता माधवकुमार नेपाल समुहले उठाउँदै आएको २०७५ जेठ २मा फर्केमा एमालेको एकता कायमै माग संबोधन भएको छाअध्यक्ष ओली र बरिष्ठ नेता नेपाल पक्षका दोस्रो तहका नेताहरूले एमालेलाई एकताबद्ध राख्न गरेको पहलका कारण पार्टीलाई पहिलेकै अवस्थामा लैजाने निर्णय भएको हो । एमाले र माओवादी एकता अगाडिको केन्द्रीय कमिटी ब्यूँताएपछि नेताहरु छलफलमा जुटेका छन। दसौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटी भंग गरेर २०७५ जेठ २ अगाडिको केन्द्रीय कमिटी बैठक बोलाएपछि नेताहरु एकताको पहल गर्दै वार्तामा जुटेका छन।

अध्यक्ष ओली र नेता नेपाल समूहका नेताहरु बीचमा अनौपचारिक वार्ता भएका छन। दुवैतर्फका एकताका पक्षधरले विभिन्न लाञ्छना सहेर जारी राखेको वार्ताकै कारण दुई पार्टीको अभ्यास गरेका नेतालाई मिलाउने तहमा पुगेका छन। एमालेलाई एकताबद्ध हुन नदिने शक्तिले मिल्न नदिन ठुलो कसरत गरेको छानेपाली उखान रात रहे अग्राख पलाउँछ भने झैं हामीलाई नसोधी किन निर्णय गरियो भन्ने अत्तो थापेका छन । ओली समूहबाट उपमहासचिव विष्णु पौडेल, नेता सुवास नेम्वाङ, शंकर पोखरेल, प्रदिप ज्ञवाली र विष्णु रिमाल वार्तामा सहभागी छन् । नेपाल समूहबाट पार्टी उपमहासचिव घनश्याम भुसाल, सचिव भीम आचार्य, गोकर्ण विष्टसँगै नेता सुरेन्द्र पाण्डे सहभागी छन् । सचिव पृथ्वीसुब्बा गुरुङ र योगेश भट्टराईले पनि एकताका लागि पहल जारी राखेका छन।

एमालेको नवौं महाधिवेशनले निर्वाचित गरेका पदाधिकारीले पार्टी एकताका लागि गम्भीर भएर अगाडि बढ्नुपर्ने भन्दै नेताहरु छलफलमा जुटेका छन। महाधिवेशन आयोजक कमिटी भंग भएसँगै माधव नेपाल पक्षमाथि गरिएको कारवाही पनि निष्प्रभावी भएको छ। १८ गतेको बैठकमा नेपाल पक्षका नेताहरू बैठकमा सहभागी हुने नहुने बिहीबारको स्थायी समितिको बैठकबाट तय हुनसक्छ। जेठ २ गतेकै केन्द्रीय समिति ब्युँताउँदै १८ गतेका लागि बैठक बोलाउने निर्णय गरेको हुँदा बैठकमा गएर छलफल गर्न सकिने ठाउँ छ।

एमाले पुरानै अवस्थामा फर्केकाले सबैलाई एकतामा फर्केर काम गर्न सकिने वातावरण बनेको छ । परिस्थिति बिल्कुल नयाँ भएको छ। सबै नेताहरू एकतामा फर्केर काम गर्नुपर्छ भन्ने कार्यकर्ता र शुभेच्छुकको जोड छ । एकता चाहेको हो भने यी कुरा पर्याप्त छन्,'। नेताहरू विपक्षीले फुर्क्याउदा उचालिन छाडेर आफ्ना कार्यकर्ता, सदस्य, शुभेच्छुक र मतदाताको भावना बुझेर चल्न खोजे एमालेलाई एकताबद्ध बनाउन सकिनेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | :सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | :शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | :मानसिक तनाब | धनु | : मन चञ्चल |
| ककर्ट | :आर्थिक समस्या | मकर | : ब्यापारमा लाभ |
| सिंह | :कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | :अप्रत्यसित लाभ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ताद्वारा शपथ

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

गण्डकी प्रदेशका नवनियुक्त मुख्यन्यायाधिवक्ता रोहितराज बास्तोलाले बुधबार आफ्नो पदको शपथ लिनुभएको छ । उहाँलाई गण्डकी प्रदेशका प्रदेश प्रमुख सीताकुमारी पौडेल समक्ष उच्च अदालत पोखराका मुख्य न्यायाधिश रमेश पोखेलले पद तथा गोपनीयताको शपथ गराउनु भएको हो।

सो कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपाली, सभामुख नेत्रनाथ अधिकारी, प्रदेशका मन्त्रीहरू, प्रदेशसभा सदस्य र सचिवहरूको उपस्थिती रहेको थियो।

बास्तोलालाई मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुख पौडेलले सोमबार नियुक्त गर्नुभएको थियो।

# कङ्गोमा शान्ति सैनिकप्रति सकारात्मक भावना

रासस
काठमाडौं, १६ असार

नेपाली शान्ति सैनिकले कङ्गोको बुदनास्थित शारी नदीमाथिको पुल मर्मत गरेको छ। कङ्गोमा तैनाथ नं २४ फिल्ड गुल्म (इञ्जीनियर्स) ले लामो समयदेखि जीर्ण भएर आवागमनमा अप्ठेरो भइरहेको शारी नदीमाथिको पुलको मर्मत गरी सञ्चालनमा ल्याएको हो।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार पुल मर्मतपछि स्थानीयवासी र सुरक्षा फौजलाई आफना काम र हर्कतका लागि आवतजावत गर्न सहज भएको छ। मर्मतपछि त्यहाँ संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधि एवं त्यहाँ तैनाथ मिसनका उपप्रमुख खासिम देग्नेले सो पुल स्थानीय सरकारलाई हस्तान्तरण गर्नुभएको छ । सो अवसरमा उहाँले नेपाली सेनाले शान्ति स्थापना कार्यमा पुर्‍याएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभएको बताइएको छ । जीर्ण पुलको फाइदा उठाउँदै हतियारधारी समूहले स्थानीय बासिन्दालाई बेलाबेलामा दुःख दिने गरेकामा पुल मर्मतपछि सुरक्षा फौज परिचालन र आवतजावत गर्न सहज भएपछि नागरिकले सुरक्षित महसुस गरेको जानकारी दिइएको छ। पुल सञ्चालनमा आएसँगै व्यापारिक केन्द्र बुनियाँसँगको व्यापारमा समेत सकारात्मक प्रभाव परेको छ। पुलमा दोहोरो आवतजावतसँगै नेपाली शान्ति सैनिकप्रति स्थानीयबासीमा अझ बढी सकारात्मक भावना पैदा भएको सेनाले विश्वास गरेको छ।

# ८९ प्रतिशत जनताको पहुँचमा इन्टरनेट सेवा

रासस
काठमाडौं, १६ असार

नेपालमा ८९ प्रतिशत जनसङ्ख्या इन्टरनेट सेवाको पहुँचमा पुगेको पाइएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७७/७८ को नौ महिना (गत साउनदेखि चैत मसान्तसम्म) को तथ्याङ्कअनुसार नेपालमा ८८ दशमलव ९३ प्रतिशत जनताको पहुँचमा इन्टरनेट सेवा पुगेको हो।

प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ । प्राधिकरणको तथ्याङ्कअनुसार चैत महिनासम्म दुई करोड ६८ लाख ८२ हजारभन्दा बढीको पहुँचमा इन्टरनेट सेवा पुगेको छ। गत फागुनको तुलनामा चैतमा पाँच लाख २६ हजार बढी प्रयोगकर्ता थपिएका छन् । गत फागुनमा दुई करोड ६३ लाख ५६ हजार बढी रहेका थिए। उक्त तथ्याङ्कअनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ । चैतसम्म मोबाइल इन्टरनेटको हिस्सा ६५ दशमलव ३९ प्रतिशत छ। एक करोड १७ लाख ६० हजार बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको छ। त्यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ९३ लाख ३५ हजार र एनसेलको २४ लाख २५ हजार रहेको जनाइएको छ । फोरजीका प्रयोगकर्ता ७८ लाख ७१ हजार ५५५ पुगेका छन्। नेपालमा तीन दूरसञ्चार सेवा कम्पनीले फोरजी सेवा सञ्चालन गरेका छन् । तीन कम्पनीमध्येमा सबैभन्दा धेरै ग्राहक एनसेलका रहेका छन् । नौ महिनामा एनसेल कम्पनीका फोरजीका ग्राहक ५० लाख १७ हजार १७० पुगेका छन्। एनसेलमा एक महिनामा एक लाख ६० हजार ४२८ फोरजी ग्राहक थपिएका छन् । गत फागुनमा फोरजीका ग्राहक ४८ लाख ५६ हजार ७४२ रहेका थिए। सरकारी स्वामित्वमा सञ्चालित नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) नेपाल टेलिकमले ४७ हजार ३५३ फोरजी प्रयोगकर्ता थपेको छ। फागुनमा टेलिकमसँग २५ लाख ८९ हजार २९४ रहेकामा बढेर २६ लाख ३६ हजार ६४७ पुर्‍याइएको प्राधिकरणले जनाएको छ । यसैगरी स्मार्ट टेलिकमका फोरजी प्रयोगकर्ता दुई लाख १७ हजार ७३८५ पुगेका छन्। गत फागुनको तुलनामा चैतमा ग्राहक सङ्ख्यामा पाँच हजारभन्दा बढीले कमी आएको छ। स्मार्ट टेलिकमका फोरजीका मात्र ग्राहक रहेका छन्।

फिक्स ब्रोडब्यान्डको हिस्सा २२ दशमलव ७८ प्रतिशत रहेको छ। यसमा एडिएसएलका आठ लाख सात हजार र एफटिटिएच इन्टरनेट पाँच लाख १५ हजार बढी रहेका छन्।

# एकसय ७१ देशमा नेपालको बाह्य सम्बन्ध विस्तार

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

नेपाल र पश्चिम अफ्रिकी देश सिएरा लिओनबीच बुधबार कूटनीतिक सम्बन्ध स्थापना भएसँगै नेपालको बाह्य सम्बन्ध १७१ राष्ट्रमा विस्तार भएको छ।

दौंत्य सम्बन्ध स्थापना गर्नेसम्बन्धी संयुक्त सहमतिपत्रमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि अमृतबहादुर राई र उक्त विश्व संस्थाका निम्ति सिएरा लिओनका स्थायी प्रतिनिधि अलि काब्बाले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा आज भएको सक्षिप्त कार्यक्रममा हस्ताक्षर गर्नुभयो।

नेपाल र सिएरा लिओनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेशलाई अवगत गराउने संयुक्त जानकारीपत्रमा पनि दुवै देशका राजदूतले हस्ताक्षर गर्नुभएको उक्त नियोगले जनाएको छ।

# रासस सेवाको गुणस्तरीयतामा जोड

रासस
गण्डकी, १६ असार

राष्ट्रिय समाचार समितिका अध्यक्ष श्यामल अधिकारी र महाप्रबन्धक सिद्धराज राईले पोखरास्थित रासस गण्डकी प्रदेश कार्यालयको संयुक्त रूपमा निरीक्षण गर्नुभएको छ।

निरीक्षणका क्रममा उहाँहरूले प्रदेश कार्यालयको भौतिक पूर्वाधार एवम् समाचार सम्प्रेषणमा भइरहेका कामकारवाहीबारे आ जानकारी लिनुभयो । सो क्रममा अध्यक्ष श्यामलले रासस समाचारको गुणस्तरीयता अभिवृद्धि गर्नुपर्नेमा जोड दिँदै पोखरा कार्यालयको भौतिक पूर्वाधार निर्माणलाई व्यवस्थापनले चासो दिएको बताउनुभयो । प्रदेश कार्यालयलाई साधनस्रोत सम्पन्न बनाउने विषयमा सरकारसँग व्यवस्थापनले आवश्यक पहल गरिरहेको जानकारी दिँदै उहाँले प्रत्येक राससकर्मी जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिनुभयो।

राससका महाप्रबन्धक राईले राससको सेवालाई छिटोछरितो एवम् गुणस्तरीय बनाउनका लागि विद्यमान प्रणालीलाई पुनःसंरचना गर्नुपर्ने औंल्याउँदै आफ्ना उत्पादन गुणस्तरीय बनाउन आग्रह गर्नुभयो । उहाँका अनुसार राससले चाँडै श्रव्यदृयश्य सेवासमेत सञ्चालन गर्ने तयारी गरिरहेको छ। रासस गण्डकी प्रदेश कार्यालय प्रमुख वासुदेव पौडेल र सहायक समाचारदाता हरिप्रसाद बाँस्तोलाले राससको विद्यमान कार्यालय भवन जीर्ण हुँदा दैनिक कार्य सञ्चालनमा असहज भइरहेको जानकारी गराउनुभयो।

# केरा खेतीको पकेट क्षेत्र बनाइयो

पोखरापत्र संवाददाता
म्याग्दी, १६ असार

रघुगङ्गा गाउँपालिका-२ राममन्दिर, माझखर्क र रिसिन चौतारीलाई केरा खेतीको पकेट क्षेत्र बनाइएको छ। स्थानीय बासिन्दाले परम्परागत खाद्यबालीको विकल्पमा खेतबारीमा व्यावसायिक केरा खेती गरेका हुन्। गाउँपालिकाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममार्फत ३५ कृषकले व्यावसायिक रूपमा केरा खेती गरेका छन्।

केरा पकेट विकास कार्यक्रमका सदस्य मुक्ति सुवेदीले थोरै लगानीमा छिटो आम्दानी गर्न सकिने, बजार नजीक र अन्य बालीको तुलनामा सजिलो भएकाले केरा खेतीको लहर चलेको बताउनुभयो। "धान, कोदो, मकै, गहुँभन्दा केरा खेतीबाट चार/पाँच गुणा बढी आम्दानी गर्न सकिन्छ", उहाँले भन्नुभयो, "भूगोल र हावापानी अनुकूल भएकाले केरा खेतीमा लागेका हौं।" सो क्षेत्रमा यसअघि घरायसी प्रयोजनका लागि केरा खेती हुँदै आएको थियो। परीक्षणका लागि केही कृषकले धेरै सङ्ख्यामा लगाएको केराले उत्पादन र आम्दानी दिन थालेपछि अरू पनि आकर्षित भएका हुन् । गाउँभरि खेरा खेती गरिएको छ। यसअघि रघुगङ्गा वडा नं २ र ३ मा केरा खेती गर्ने कृषकका दुई समूह थिए।

दुईवटै समूहलाई एकीकृत गरेर केरा पकेट विकास कार्यक्रम शुरु गरिएको गाउँपालिकाका कृषि शाखा संयोजक मनोज सुवेदीले बताउनुभयो। चालु आवमा गाउँपालिकाले रु सात लाख ५० हजार विनियोजन गरेको केरा पकेट कार्यक्रमलाई कृषकले पनि त्यति नै लगानी साझेदारी गरेका छन्।

"एक सय रोपनीमा स्थानीय हजारी जातको केराका नयाँ बिरुवा रोप्ने कार्यक्रम अन्तिम चरणमा छ", सुवेदीले भन्नुभयो, "कार्यक्रममार्फत उपकरण, मल, विषादीमा सघाएका छौं।" सिँचाइका लागि एक हजार पाँच सय मिटर पाइप खरीद गरेका समूहले पाँच हजार छ सय नयाँ केराका बिरुवा रोपेका छन्।

दुई खाडल खन्ने उपकरण र पाँच यान्त्रिक हलोका साथै गोठेमल, रासायनिक मल, केराको बीउ खरीदमा अनुदान दिइएको छ। एक कृषकले एक सय देखि पाँच सय केराका बिरुवा रोपेका छन् । कृषकको आयआर्जन वृद्धि र जीवनस्तर सुधारका लागि राममन्दिरलाई केरा खेतीको पकेट क्षेत्रका रूपमा विकास गर्न लागिएको वडा नं २ का वडाध्यक्ष रीम कटुवालले बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ शान्तिघाट समाधि स्थल जाने सिढी निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** शान्तिघाट समाधि स्थल जाने सिढी निर्माण
**स्थानः** पोखरा–९ कास्की
**योजना सम्झौता मिति :** २०७८/०२/३१ गते
**योजना सम्पन्न गर्ने मिति :** २०७८/०३/१५ गते
**योजनाको कुल लागत :** रु. ४,२५,२२६.०६।–
**महानगरपालिकाबाट प्राप्त रकम :** रु.४,००,०००।–
**जन सहभागितावाट :** रु.२५२२६.०६।–
**उपभोक्ता समिति अध्यक्षः** हिरा घले
**सचिवः** योगेन्द्रमान बाटाजू
**कोषाध्यक्षः** राजेन्द्र पहारी
**सदस्यः** विकास बज्राचार्य, किशन वि.क., लक्ष्मी पहारी, विष्णुमाया श्रेष्ठ

**शान्तिघाट समाधि स्थल जाने सिढी निर्माण समिति**
पोखरा–९ कास्की



## गण्डकी विश्वविद्यालयको भौतिक संरचना निर्माण तथा शैक्षिक क्रियाकलाप सञ्चालन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मितिः २०७८/०३/१७)**

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.३२, स्यालटहरो तथा मालेपाटनमा श्री गण्डकी विश्वविद्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | श्री गण्डकी विश्वविद्यालय<br>गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ०७, मुस्ताङचोक |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३२, स्यालटहरो तथा मालेपाटनमा भौतिक संरचना निर्माण तथा शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/ नगरपालिका | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३२ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping)गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविकप्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

प्रस्तावकको नाम र ठेगानाः श्री गण्डकी विश्वविद्यालय
गण्डकी प्रदेश, कास्की, पोखरा महानगरपालिका वडा नं. ०७, मुस्ताङचोक

परामर्शदाताको नाम र ठेगानाः ग्रिनविच इन्भाइरोमेन्ट एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि.,
बानेश्वर, काठमाडौं, फोन नं.: ९८४१५३१५८२

# झोलुङ्गे पुल बग्यो: मनाङको तल्लो पिसाङ जोखिममा

**पोखरापत्र संवाददाता**
**मनाङ, १६ असार**

मर्स्याङ्दी नदीमा आएको भीषण बाढीले डिस्याङ गाउँपालिका-१ पिसाङस्थित झोलुङ्गे पुल बगाएको छ । पुल बगाएपछि माथिल्लो पिसाङ र तल्लो पिसाङको आवतजावत विच्छेद भएको छ।

बाढी पहिरोले शुरुवातमा मनाङको तल्लो भागमा क्षति पुऱ्याएको भएपनि निरन्तर वर्षा हुन नरोकिएपछि माथिल्लो भागतर्फ क्षति हुने क्रम बढेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । "बाढीले पहिले मनाङको तल्लो भागमा क्षति पुऱ्याएको थियो, अहिले माथिल्लो भागतर्फ सरेको छ।

विपद्लाई रोक्न नसकिने रहेछ", उहाँले भन्नुभयो, "निरन्तर वर्षा पनि भइरहेको छ, माटो गल्दै गएपछि पहिरोको जोखिम बढेको छ, बाढी पहिरोले केही बस्ती बस्ने ठाउँहरू बगाइसकेको छ भने केही भाग अति जोखिममा छन् ।"

माथिल्लो पिसाङ र तल्लो पिसाङ जोड्ने एक मात्र पुल बाढीले बगाएपछि एकापसमा सम्पर्क तथा आवतजावत रोकिएको डिस्याङ गाउँपालिका–१ का वडाध्यक्ष भुजुङ गुरुङले जानकारी दिनुभयो । उहाले भन्नुभयो, "जनताको सुरक्षाको व्यवस्थापन गर्नुपर्ने अभिभावक भएकोले केहीलाई सुरक्षित गराउनुपर्ने जिम्मेवारी एकातिर छ भने अर्कोतर्फ मेरै घर बाढीले आधा तानिसकेको छ।"

पिसाङको पुल क्षेत्रका १० घरपरिवार विस्थापित भएको डिस्याङ गाउँपालिका–१ का वडासचिव पशुपति अधिकारीले जानकारी दिनुभयो । जोखिममा परेका ती घरपरिवारलाई माथिल्लो पिसाङमा सारिएको र त्यस क्षेत्रका सबै घरहरू जोखिममा रहेको उहाँको भनाइ छ। बाढीको जोखिम बढ्दै गएपछि मनाङवासी त्रसित भएका छन् ।

# मुक्तिनाथको झल्को दिने गरी तनहुँमा कृत्रिम हिमाल निर्माण

**पोखरापत्र संवाददाता**
**तनहुँ, १६ असार**

जिल्लाको शुक्लागण्डकी नगरपालिकामा प्रसिद्ध धार्मिक तीर्थस्थल मुक्तिनाथ क्षेत्रमा रहेको हिमालको जस्तो झल्को दिने गरी कृत्रिम हिमाल निर्माण गरिएको छ। डिभिजन वन कार्यालय तनहुँद्वारा शुक्लागण्डकी-२ स्थित च्यवनधाम परिसरमा मुक्तिनाथको जस्तै कृत्रिम हिमाल निर्माण गरिएको हो ।

च्यवनधाम परिसरमा १०८ धारा निर्माण गरी धारामाथि माछापुच्छ्रे, धौलागिरि, अन्नपूर्णलगायतका हिमालको आकृति कुँदेर रमणीय स्थल निर्माण गरिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो। धाम परिसर क्षेत्रमा सौन्दर्य अभिवृद्धि तथा पर्यटकीयस्थलका रुपमा विकास गर्नका लागि कृत्रिम हिमाल निर्माण गरिएको हो। उहाँले भन्नुभयो, "यस कार्यका लागि गण्डकी प्रदेश सरकारको रु २० लाख आर्थिक सहयोग रहेको छ भने स्थानीय तहको १० प्रतिशत लागत सहभागिता रहेको छ ।"
कृत्रिम हिमशृङ्खला र १०८ धारा निर्माण पछि "मिनी मुक्तिनाथ" उपनामले परिचित बन्दै गएको मुक्तिनाथ-शुक्लागण्डकी च्यवनधामका अध्यक्ष सुमेन्द्र लालचन बताउनुभयो। विसं २०६५ मा नदी किनारमा रहेको यो जग्गा पहुँचवालाले अधिग्रहण गरी २३ रोपनी जमीनमा बस्ती बसाउन खोजेपछि स्थानीय बासिन्दाको सक्रियतामा धाम निर्माण गरिएको उहाँले जानकारी दिनुभयो।

सार्वजनिक जमीनको संरक्षण गरी पर्यटकीयस्थलको पूर्वाधार निर्माण गर्न सबै क्षेत्रबाट सहयोग मिलेको धामका सचिव दुर्गादत्त सापकोटा बताउनभुयो । सेती नदीको किनारमा तपोभूमि क्षेत्र भएकाले धार्मिक तीर्थस्थल बनाउने उद्देश्यअनुरूप पूर्वाधार निर्माणको लागि खर्च जुटाउन तीन वर्षअघि महायज्ञ गरी रु एक करोड ५० लाख सङ्कलन गरिएको थियो । सङ्कलित रकमबाट मन्दिरमा पूर्वाधार निर्माणको कार्य अघि बढाइएको हो । उहाँले भन्नुभयो, "च्यवनधाम परिसरमा अहिले आकर्षक शुक्लेश्वर महादेवको मन्दिर निर्माण गरिएको छ । मन्दिरको छानो तामाको राखिएको छ।"

शुक्लेश्वरको आसपासमा सूर्य नारायण, लक्ष्मी नारायण, दुर्गा भवानी, गणेशको मन्दिरलगायतका संरचना छन् । मुक्तिनाथको जस्तै झल्को दिने गरी १०८ धारा, १०८ ओमकार कल्पवृक्ष, १०८ शिवलिङ्ग, मोक्षकुण्ड, वृद्धाश्रम, पार्कलगायतका संरचना निर्माण गरिएको छ।

च्यवनधाम परिसरमा बौद्ध गुम्बा पनि रहेको छ। एक अर्काको धर्मलाई सम्मान गर्नुपर्छ भन्ने उद्देश्यले गुम्बा निर्माण गरिएको हो। एक दशकको अवधिमा रु तीन करोडभन्दा बढी पूर्वाधार निर्माणमा लगानी भइसकेको समितिले जनाएको छ।

सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको संयुक्तरूपमा बजेट उपलब्ध गराउँदै आएका छन् । च्यवनधाममा पूर्वाधार थप्दै गएपछि आन्तरिक पर्यटकको उत्कृष्ट गन्तव्यस्थल बन्ने विश्वास गरिएको छ । धाम क्षेत्रमा मिनी चिडियाखाना बनाउने दीर्घकालीन योजना रहेको समितिका उपाध्यक्ष अर्जुन लम्सालले बताउनुभयो।

# भाडाका घरमा स्थानीय सरकार

**–जनक श्रेष्ठ**
**लमजुङ, १६ असार (रासस)**

जिल्लाका अधिकांश स्थानीय तह भाडाकै घरबाट सञ्चालन भइरहेका छन् । स्थानीय सरकार गठन भएको चार वर्ष बितिसक्दासमेत गाउँका सिंहदरबार भनिने यहाँका अधिकांश स्थानीय तहको आफ्नै भवन नहुँदा बर्सेनि लाखौं रकम भाडामै खर्च हुने गर्छ।

चार नगरपालिका र चार गाउँपालिका रहेको लमजुङमा अधिकांश स्थानीय तहले भाडाकै घरबाट सेवा प्रवाह गरिरहेका छन् । आफ्नै प्रशासकीय भवन नहुँदा बेँसीशहर नगरपालिकाले वडा नं. ८ स्थित एक स्थानीयवासीको घर भाडामा लिएर दुई वर्षभन्दा बढी समयसम्म कार्यसम्पादन गर्दै आएका थियो । पछि सोही वडाको फुलबारी चोकमा नापी कार्यालयको भवन निर्माणभएसँगै सोही भवनबाट नगरपालिकाले कार्यसम्पादन गर्दै आएको छ । उक्त भवनमा नगरपालिकाका लागि आवश्यक पर्ने कोठाहरू नहुँदा कार्यसम्पादनमा समस्या हुने गरेको नगरप्रमुख गुमानसिंह अर्यालले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले पनि कृषि र भेटिरिनरी र स्वास्थ्य शाखाको औषधि स्टोरका लागि घर भाडामा लिएका छौं ।" यसका लागि मासिक रु २५ हजार भाडा तिर्ने गरेको उहाँको भनाइ छ । जग्गा नहुँदा भवन बनाउन नसकिएको बताउँदै नगरप्रमुख अर्यालले जग्गाको टुङ्गो लागेपछि मात्र भवन निर्माणको योजना बन्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले पहिलाबाटै आफ्नै प्रशासकीय भवन निर्माणका लागि जग्गा खोजिरहे पनि जग्गा पाउन मुश्किल भएकाले नापी कार्यालयमा र केही शाखाहरू भाडामा लिएर सञ्चालन गरिरहेका छौं । जग्गा भेटेपछि खरिद गरेर प्रशासकीय भवन निर्माण अघि बढाउने तयारीमा छौं।"

जिल्लाका अधिकांश स्थानीय तहको आफ्नो प्रशासकीय भवन नहुँदा सेवा प्रवाहमा समेत समस्या हुँदै आएको स्थानीय तहका प्रमुखहरूले बताउँदै आएका छन् । जिल्लाका कतिपय स्थानीय तह साविकका गाविस रहेको भवनबाट सेवा प्रवाह गरिरहेका छन् भने कतिले घर भाडामा लिएर कार्यसम्पादन गर्दै आएका छन्। स्थानीय तहको आफ्नै भवन नबन्दा भाडाका साँघुरा घरबाट सेवा प्रवाह गर्नुपर्ने वाध्यता यहाँका स्थानीय तहले जनाएको छ।

सुन्दरबजार नगरपालिकाले पनि आफ्नो प्रशासकीय भवन नहुँदा कार्यसम्पादनमा समस्या हुने गरेको जनाएको छ । पटक पटक विवादमा पर्दै आएकाले अझै भवन निर्माण हुन नसक्दा नगरपालिकाको कार्यालय नयाँ भवनमा सर्न सकेको छैन । विवादै विवादका बीच पार गर्दै तीन तले भवन निर्माणको अन्तिम चरणमा पुगेको नगरपालिकाले जनाएको छ। हाल प्रयोग गर्दै आएको भवन साघुँरो र पर्याप्त काम गर्ने कोठा नहुँदा सेवाप्रवाहमा समेत समस्या भइरहेको नगरप्रमुख जनकराज मिश्रले बताउनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकाको आफ्नै प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । अब छिट्टै नै सो भवनबाट कार्यसम्पादन गर्ने तयारीमा हामी छौं।" त्यस्तै, राइनास नगरपालिकाले पनि आफ्नै प्रशासकीय भवन नहुँदा हाल कृषि कार्यालयको भवनबाट कार्यसम्पादन गर्दै आएको छ । नगरपालिकाले ७ रोपनीमध्ये दुई रोपनी क्षेत्रफलमा प्रशासकीय भवनको निर्माण कार्य अगाडि बढाएको नगरप्रमुख सिंहबहादुर थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "२०७६ असोज २ गते कञ्चनजंग निर्माण सेवा कम्पनी इलामसँग तीन वर्षभित्रमा प्रशासकीय भवन निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ। हाल भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।" भाडामा लिएका घरमा निर्वाचित जनप्रतिनिधि नै नअटाउने साँघुरा कोठाबाट कार्यालय सञ्चालन गर्नुपर्दा जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीले विभिन्न समस्या झेल्दै आएका छन् । आगामी भदौं महिनासम्म कार्यालय भवनको निर्माण सम्पन्न गर्ने गरी कार्य भइरहेको छ। त्यस लगत्तै नयाँ भवनबाट कार्यसम्पादन हुने नगरप्रमुख थापाको भनाइ छ।

यसैगरी कास्की जिल्लासँग सिमना जोडिएको मध्यनेपाल नगरपालिकाको पनि आफ्नै कार्यालय भवन छैन। नगरपालिका कार्यालय भाडाका घरबाट सञ्चालन गरिएको छ। पारिवारिक प्रयोजनका लागि बनेका घरको साँघुरा कोठाबाट कार्यालय सञ्चालन गर्दा स्थानीय सरकारलाई दैनिक सेवाप्रवाह गर्नै हम्मे-हम्मे परेको छ। अधिकार सम्पन्न स्थानीय सरकार गठन भएको चार वर्ष वित्नलाग्दा पनि कार्यालय सञ्चालनका लागि उपयुक्त भवनसमेत नहुँदा सेवाप्रवाह व्यवस्थित हुन सकेको छैन। आफ्नै प्रशासकीय भवन नहुँदा घर भाडामा लिएर कार्यालय सञ्चालन हुँदै आएको छ । भाडाका घरबाट नगरपालिकाको सेवा प्रवाह गर्नुगर्दा मासिक रु ५० हजारभन्दा बढी रकम खर्च भइरहेको नगरप्रमुख रमेशकुमार पाण्डेले बताउनुभयो । नगरपालिकाले डेढ रोपनीमा तीन तले भवन गत माघ महिनाबाट निर्माण गर्दै आएको छ। सङ्घीय सरकारको रु चार करोड २९ लाखको लागतमा भवन निर्माण भइरहेको नगरपालिकाले जनाएको छ।

त्यस्तै दोर्दी गाउँपालिकाले साविकको कृषि विकास कार्यालयको भवनबाट सेवा प्रवाह गर्दै आएको छ। अन्य तीन गाउँपालिकाले यसअघि साविकका गाविस भवनलाई उपयोग गर्दै आएका छन्। पालिका केन्द्र परेका साविक गाविस भवन सानो र साँघुरो हुँदा सेवा प्रवाहमा समस्या भएको गाउँपालिकाले जनाएका छन् । हाल रहेको प्रशासकीय भवन साना साना कोठाहरू रहेकाले विभिन्न समस्याहरू झेलिरहैपनि सेवा प्रवाह गर्दै आएको गाउँपालिका अध्यक्ष ओमबहादुर गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, हामीसँग भवन बनाउने पर्याप्त जग्गा भएतापनि प्रशासकीय भवन बनाउने कुनै योजना छैन । क्होलासोंथार गाउँपालिकाले साविक मालिङ गाविसको भवनमा केही कोठा थप गरी कार्य सञ्चालन गर्दै आएको छ । प्रशासनिक कामका लागि सो बाहेक केही कोठा भाडामा समेत लिएर कार्य सम्पादन गर्दै आएको पालिकाले जनाएको छ। यस आर्थिक वर्षबाट बल्ल भवन निर्माण भइरहेको छ। यसैगरी, जिल्लाकै दुर्गम मानिएको दूधपोखरी गाउँपालिकाले पनि साविक गाविस भवनबाट कार्यसम्पादन गर्दै आएको छ। साविक गौडा गाविसको भवनमा कार्यकक्ष अभाव भएपछि शिक्षा, प्राविधिक, कृषि, स्वरोजगार लगायतका अधिकांश शाखाहरू भाडामा लिएर जेनतेन सञ्चालन हुँदै आएको गाउँपालिका अध्यक्ष छुपिमाया गुरुङले बताउनुभयो । गाउँपालिकाले कार्यालय भाडाबापत मासिक रु ५६ हजार तिर्ने गरेको छ। "गाउँपालिकाको केन्द्रमा गतिला घर छैनन्", उहाँले भन्नुभयो, "जीर्ण घरबाटै गुजरा चलाइरहेका छौं, जग्गा भेटिएपछि आफ्नै भवन बनाउने सोच छ ।" अध्यक्ष गुरुङका अनुसार चालू आर्थिक वर्षबाट साढे दुई तलाको भवन निर्माण गर्ने कार्य अघि बढाएका छौं।

# पहिराका कारण मनाङमा सडक ठप्प

**– सञ्चिता घिमिरे**
**काठमाडौं, १६ असार (रासस)**

वर्षापछि आएको पहिराका कारण झण्डै दुई सातादेखि मनाङ जिल्लामा सडक सञ्जाल पूरै अवरुद्ध बनेको छ। पैंसठ्ठी किमी लम्बाइको लमजुङको बेँसीशहरबाट मनाङको चामेसम्मको सडक अहिले २२ किमीसम्म मात्रै खुलाइएको छ।

मनाङ जिल्लाको सिमानासम्म पुग्न अझै झण्डै १३ किमी सडक खुलाउन बाँकी रहेको डुम्रे-बेँसीशहर-चामे सडक योजनाले जनाएको छ। अबको एक सातामा नै सडक खुलाइसक्ने गरी काम भइरहकोयोजनाकाप्रमुखअमितकुमार श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार मानिसलाई हिँड्नसमेत बाटो नभएर झुण्डिएर यात्रा गर्नुपरेकाले पहिले मानिस हिँड्न सक्ने सडक बनाउन लागिएको छ । उहाँले भन्नुभयो, "मान्छेहरू सजिलै आउन र जान सक्ने गराउन लागिएको छ ।" बेँसीशहरबाट माथि २२ किमी सडक खुलाइएकामा अहिले त्यहाँबाट अघि बढिरहको प्रमुख श्रेष्ठले बताउनुभयो । अहिले बेँसीशहरतर्फबाट मात्र सडक खुलाइएकामा चामेबाट तल खुलाउनका लागि अनुरोध गरेर पत्र सडक विभाग पठाइएको उहाँले बताउनुभयो।

अहिले एक सातामा मनाङको सीमासम्म पहिरा हटाउने गरी अवरुद्ध सडक खुलाइँदै आएको छ। सीमासम्म पुग्न मात्रै १३ किमी बाँकी भए पनि रामबजारमा झण्डै ६०/६५ मिटर सडक भासिएको छ । उहाँले भन्नुभयो, "त्यसले बढी समय लिने देखिएको छ ।" सडकको ट्र्याक बगाएकामा त्यो छाडेर अर्को ठाउँबाट नयाँ ट्र्याक खोल्नुपर्ने योजनाले जनाएको छ। त्यो ठाउँमा चट्टानका कारणले नयाँ ट्र्याक खोल्न पनि चुनौती रहेको छ। दुई साता पहिलेदेखि नै बेँसीशहर र चामे आउजाउ छैन । कतिपय व्यक्ति चामेबाट झुण्डिएर आए पनि आएका व्यक्ति फर्किन नसकेको प्रमुख श्रेष्ठले बताउनुभयो। पैदलयात्रीसमेत हिँड्न गाह्रो भएकाले पहिले चामेबाट सजिलोसँग हिँड्न सकिने गरी खुलाउन लागिएको छ। पैदालयात्रु हिँड्न सक्ने भएमा त्यो बाटो भारी बोकेर हिँड्न वा गधाले भारी बोकेर हिँड्न सक्ने उहाँले बताउनुभयो। मानिस र गधा हिँड्न सक्ने भएमा अत्यावश्यक सामान लैजान सकिने उहाँले बताउनुभयो । सडक सबैतिर क्षतिग्रस्त भएकाले पहिरो पन्छाउने काम बेँसीशहरबाट नै शुरु गरिएको छ। अहिलेसम्म २२ किमीबाट अघि बढ्न नसकिएकाले मनाङसम्म कति क्षति भयो यकिन नभएको प्रमुख श्रेष्ठले बताउनुभयो । एक हप्तामा मनाङ सीमा पुगेमा पनि कति क्षति छ भन्ने प्रष्ट हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "हामी आफैँ सडक खोलिएको ठाउँभन्दा अघि जान नसकेकाले कति क्षति भयो भनी यकिन छैन।"

वर्षाको समय र नियमित वर्षाका कारण सडक खुलाउन चुनौतीपूर्ण बनेको छ । कतिपय ठाउँमा पहिरो त कतिपय ठाउँमा पूरै सडक नै भासिएको छ। वर्षा नियमित भइरहँदा वा पहिरो खसिरहँदा पहिरो पन्छाउन गाह्रो हुने उहाँले बताउनुभयो। पहिरो हटाइएको ठाउँमा दिनभर काम गरे पनि राति पुनः वर्षाले बगाउने गरेको छ। उहाँले भन्नुभयो, "हामीले हटाइसकेका ठाउँमा फेरि पहिरो आएपछि काममा प्रगति देखिँदैन।"

कच्ची सडक भएकाले विगतका वर्षमा पनि यो सडक वर्षामा अवरुद्ध भएको थियो । गत आवमा पनि झण्डै डेढ महिना सडक ठप्प भएको थियो । पहिल-पहिले एक/दुई ठाउँमा हुँदा हटाएर सञ्चालन भइहाल्ने भए पनि अहिले पूरै सडकभरि पहिरो भएकाले खुलाउन बढी समय लाग्ने देखिएको श्रेष्ठले बताउनुभयो । कतिपय ठाउँमा सडक नै भासिएकाले त्यहाँ पुनःसञ्चालन गर्न बढी समय लाग्नसक्ने देखिन्छ। उहाँले भन्नुभयो, "एकातिर ठूलो पहिरो छ भने अर्कोतिर पूरै ट्र्याक नै बगाएकाले नयाँ ट्र्याक बनाउनुपर्ने अवस्था छ ।" मनाङका जनप्रतिनिधि, प्रशासन र स्थानीयवासीले सडक कहिले खुल्छ भनी चासो देखाइरहेका छन् । जिल्लामा राहत, खाद्यान्न, औषधिलगायतका सामान ढुवानी गर्न नसकिएकाले सबैतिरबाट चासो भएको प्रमुख श्रेष्ठले बताउनुभयो । त्यहाँ प्रयोग भएकासवारीसाधनका.चालकज्यान जोखिममा राखेर काम गरिरहेको उहाँले बताउनुभयो । माथिबाट कतिबेला ढुङ्गा खस्छ भन्ने त्रास भए पनि काम भइरहेको छ । जतिसक्दो चाँडो खुलाउन लागिए पनि प्रगति भने हासिल छैन।

माथि मनाङमा सरकारी सवारी साधन नभए पनि निजी सवारी प्रयोग गरेर भए पनि सडक खुलाउन सकिने उहाँले बताउनुभयो। मनाङमा तीन निजी सवारी साधन भएको जानकारी आएको छ । ती सवारी साधन सञ्चालनका लागि पनि तेल चाहिने उहाँले बताउनुभयो । त्यस्तै पहिरोमा माटो विभागका सवारी साधनले हटाए पनि ठूला ढुङ्गा फुटाउनका लागि नेपाली सेनाको नै सहयोग चाहिने उहाँले बताउनुभयो।

पहिरो पन्छाउनका लागि अहिले लमजुङतर्फबाट चारवटा सवारी साधन लगिएका छन्। दुई स्काभेटर र दुई लोडर राखेर काम भइरहेको छ। ती सवारी साधनका लागि बेँसीशहरबाट इन्धन लगेर काम भइरहेको प्रमुख श्रेष्ठले बताउनुभयो। सडकमा पहिरो आइरहेकाले प्रयोगमा भएका सवारी साधनसमेत समय-समयमा बीचमा रोकिने गरेका छन् । उहाँका अनुसार अघि पुगिसकेको साधन अड्किएमा पछाडिबाट खुलाउँदै लगेर निकाल्ने गरिन्छ।

सडकमा पहिरो भए हटाउन सकिने तर सडक नै बगाएको भएकाले पूरै सञ्चालन गर्न गाह्रो भएको विभागका सम्भार महाशाखाका प्रमुख भीमार्जुन अधिकारीले बताउनुभयो । यो दुई सातामा ठूला पहिरो खस्ने काम भइरहेको उहाँको भनाइ छ । अरु साधन थप्न सकिने भए पनि एक ठाउँमा एकैपटक धेरैवटा प्रयोग गर्न नसकिने उहाँले बताउनुभयो।

बीचबीचमा सडक धेरै भासिएकाले बढी समय लाग्ने देखिएको छ । उहाँले भन्नुभयो, "नेपाली सेनासँगको समन्वयमा गर्दा चाँडो हुनसक्छ ।" भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मङ्गलबार नेपाली सेना, सडक विभाग, सम्बन्धित स्थानका जनप्रतिनिधि, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रतिनिधि सहभागी बैठकमा सडक अवरुद्ध हुँदा स्थानीयवासीको जीवन कष्टकर भएकाले चाँडो खुलाउन पहल गर्ने विषयमा छलफल भएको थियो । सो छलफलमा सेनाले मनाङमा इन्धन लैजाने बताइएको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ पोखरी मुनिको कच्ची बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः शुभ मार्ग पोखरी मुनि बाटो निर्माण
स्थानः पोखरा–१४, कास्की
योजना शुरु हुने मिति : २०७७/११/१२ गते
योजना सम्पन्न मिति : २०७८/०३/१३ गते
योजनाको कुल लागत : रु. १००१९१५.८९।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.५,००,०००।–
जन श्रमदानबाट : रु.५,००,०००।–

उपभोक्ता समिति अध्यक्षः
धन बहादुर थापा
जम्मा सदस्य संख्याः ११, महिला सदस्य संख्याः ६

**पोखरी मार्ग उपभोक्ता समिति**
पोखरा–१४ कास्की



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ शुभ मार्ग पोखरी मुनि बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः शुभ मार्ग पोखरी मुनि बाटो निर्माण
स्थानः पोखरा–१४, कास्की
योजना शुरु हुने मिति : २०७८/०२/३० गते
योजना सम्पन्न मिति : २०७८/०३/१४ गते
योजनाको कुल लागत : रु. १,२५,०००।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.१,००,०००।–
जन श्रमदानबाट : रु.२५,०००।–

उपभोक्ता समिति अध्यक्षः
धन बहादुर थापा
जम्मा सदस्य संख्याः ११, महिला सदस्य संख्याः ६

**पोखरी मार्ग उपभोक्ता समिति**
पोखरा–१४ कास्की



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ शुभ मार्ग खानेपानी वितरण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः शुभ मार्ग खानेपानी वितरण
स्थानः पोखरा–१४, कास्की
योजना शुरु हुने मिति : २०७७/११/०७ गते
योजना सम्पन्न मिति : २०७८/०२/२० गते
योजनाको कुल लागत : रु. ६,२६,३४५.४७।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.५,००,०००।–
जन श्रमदानबाट : रु.१,२५,०००।–

उपभोक्ता समिति अध्यक्षः धन बहादुर थापा
सचिवः विष्णु कुमारी आचार्य
कोषाध्यक्षः राम बहादुर कार्की
जम्मा सदस्य संख्याः ११, महिला सदस्य संख्याः ५

**शुभ मार्ग खानेपानी उपभोक्ता समिति**
पोखरा–१४ कास्की